SIKKIM EXPRESS
SINCE 1976
OF THIS LAND, FOR ITS PEOPLE
■ Good Morning Sikkim, today is TUESDAY, 27 DECEMBER, 2016 ■ REGD NO. WB/SKM/02/2015-2017 VOL. XXXX NO. 346■ RNI No. RN 40962/1990 ■ www.sikkimexpress.com ■ ₹ 5.00

NEWS

# Jai Kisan Jai Bigyan week celebration in CAEPHT

**SE Report**



**GANGTOK, December 26:** The 'Jaj Kisan, Jai Bigyan' week celebration is underway at College of Agricultural Engineering and Post Harvest Technology, Ranipool.

On December 24, the second day of celebration, a demonstration programme on 'machineries for processing of horticultural and bakery products' was carried out by the Department of Process and Food Engineering, CAEPHT under the leadership of associate professor Dr. Sujata Jena.

The programme was exclusively conducted for farmers and women SHGs. During the programme, the farmers were given hands-on training on biscuits making and minimal processing of vegetables.

Many VLWs, ATMs and BTMs from Agricultural Technology Management Agency (ATMA), Sikkim and extension functionaries from the Food Security and Agriculture Development department were invited for discussion.

The invited guests actively participated in discussion and showed keen interest in the machineries available in the college.

The week-long celebration will conclude on December 29.

# सीएईपीएचटीमा जय किसान जय विज्ञान सप्ताह पालन




**रानीपूल, २५ दिसम्बरः** कृषि अभियन्त्रिकी तथा फसलोप्रान्त प्रौद्योगिकी (केन्द्रिय कृषि विश्वविद्यालय), रानीपूलले २३ दिसम्बरदेखि २९ दिसम्बरसम्म ''जय किसान जय विज्ञान' सप्ताह पालन गरिरहेको छ। गत २३ दिसम्बरको दिन क्याम्पसमा डिन सीएईपीएचटी प्रो. आरपी मिश्राले यो साप्ताहिक कार्यक्रमको उद्घाटन गरेका थिए। यस अवसरमा वैज्ञानिकहरूबीच अन्तरक्रिया कार्यक्रम पनि आयोजन गरिएको थियो। २४ दिसम्बरको दिन 'बागवानी अनि बेकरी उत्पादको प्रक्रियाकरणको निम्ति यन्त्रसामग्री' विषयमा एसोसिएट प्रोफेसर डा. सुजता जेनाको दिशानिर्देशनमा पद्धति तथा खाद्य अभियन्त्रिकी विभागद्वारा एक दिवसीय प्रदर्शनी कार्यक्रम आयोजन गरिएको थियो।

यो सप्ताहव्यापी कार्यक्रम मुख्यतः कृषक अनि महिलाहरूलाई सामेल गरेर एसएचजी दलको निम्ति आयोजन गरिएको छ। कार्यक्रमको समयमा कृषकहरूलाई बिस्कुट बनाउने साथै साग सब्जीलाई सूक्ष्मत बनाउने प्रणाली विषयमा प्रशिक्षण पनि दिइयो। २४ दिसम्बरको कार्यक्रममा सिक्किम सरकारको खाद्य सुरक्षा तथा कृषि विकास विभागका कार्यकर्ताहरू अनि कृषि प्रौद्योगिकी प्रबन्धन एजेन्सी (एटीएमए) बाट धेरै संख्यामा भीएलडब्ल्यू, एटीएण अनि बीटीएम हरूलाई आमन्त्रित गरिएको थियो। २४ दिसम्बरको कार्यक्रममा यी कार्यकर्ताहरूलाई कृषि क्षेत्रमा वर्तमानमा प्रोयगमा ल्याइने प्रविधिप्रतिको जागरूकतामा अझै वृद्धि ल्याउन क्याम्पसको भ्रमण गर्नका साथै यस्ता वैज्ञानिक प्रविधिबारे ज्ञान दिलाउन आमन्त्रण गरिएको थियो। यस दिन आमन्त्रित अतिथिहरूले सक्रियताको साथमा बहसमा भाग लिए साथै कलेजमा उपलब्ध रहेका यन्त्रसामग्रीप्रति खुबै चासो देखाएको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।